# शोध सारांश

‘नेपाली ऋतु काव्यहरूको परिवेशपरक अध्ययन’ शीर्षकमा गरिएको यस शोध कार्यमा नेपाली साहित्यका मुख्य तीनवटा ऋतु काव्यहरूलाई लिएर अध्ययन गरिएको छ। ती हुन् लेखनाथ पौड्यालको ‘ऋतुविचार’ (सन् १९३५), मोहन कोइरालाको ‘ऋतु-निमन्त्रण’ (सन् १९८३) र मनप्रसाद सुब्बाको ‘ऋतु क्यान्भसमा रेखाहरू’ (सन् २००९)। नेपाली साहित्यमा ऋतु काव्य वा कविताको अध्ययन गर्दा नेपाली लोक साहित्यअन्तर्गत विभिन्न ऋतु गीत र कविताहरू रहेका पाइन्छन् जसमा बाह्रमासा प्रमुख छन्। सवाई अनि लहरी काव्यमा पनि ऋतुको वर्णन भएको पाइन्छ। साहित्यमा प्रकृतिको सन्दर्भ लिएर विविध काव्य कविताहरू रचना भएको पाइए तापनि प्रकृति चिन्तनमै केन्द्रित भएर कविता लेख्न चाहिँ आधुनिक कालको पूर्वार्धदेखि नै थालिएको हो भन्ने यस शोध कार्यको निष्कर्ष रहेको छ। तथापि स्तवनकाल र शृङ्गारकालतिर लेखिएका ऋतु कविताहरूमा पनि प्रकृति चिन्तनका छुटपुट दृष्टान्तहरू रहेका पाइन्छन् तर तिनमा प्रकृति गौण अनि प्रेम, रति, सौन्दर्य आदिका प्रसङ्गहरू प्रमुख रहेका छन्। यस शोध कार्यमा जम्मा छवटा अध्यायहरू छन्। ती अध्यायहरूलाई पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौँ र छैटौँ गरेर विभाजन गरिएको छ।

यस शोध कार्यको पहिलो अध्यायलाई ‘शोध कार्यको परिचय’ शीर्षक दिएर जम्मा एघारवटा उपशीर्षकहरूमा विभाजन गरिएको छ। ती हुन्- (१) शोध शीर्षक, (२) शोधको प्रयोजन, (३) समस्या कथन, (४) शोध कार्यको उद्देश्य, (५) शोध कार्यको औचित्य, (६) शोध कार्यको सीमा र क्षेत्र, (७) शोधको सामग्री स्रोत, (८) शोधविधि, (९) सैद्धान्तिक ढाँचा वा विश्लेषण विधि, (१०) पूर्वकार्यको सर्वेक्षण, (११) शोध कार्यको प्रारूप। यस अध्यायमा शोधका प्राप्ति र उपलब्धिहरू राखिएका छन् जसमा पूर्वकार्यको सर्वेक्षण गर्दै नेपाली साहित्यमा ऋतु काव्य र प्रकृति चिन्तनका लेखहरूको समीक्षा पनि गरिएको छ। यो शोध कार्य गर्दा कुन र कस्तो विधि प्रयोग गरिएको छ त्यसको जानकारी गराउँदै त्यही शोधविधिका आधारमा चयन गरिएका पाठहरूको अध्ययन गरिएको छ। शोध कार्य गर्दा आवश्यक पुस्तकहरू अथवा शोध सामग्रीहरू कसरी, कहाँबाट सङ्कलन गरिएको छ भन्ने बारे विवरण पनि यस अध्यायमा दिइएको छ। शोधको औचित्य र उद्देश्यबारे पनि यस अध्यायमा चर्चा गरेर शोधको सङ्गठित रूप तयार गरिएको छ।

शोध कार्यको दोस्रो अध्यायको शीर्षक 'नेपाली साहित्यमा प्रकृति चिन्तन परम्परा' राखिएको छ। यस अध्यायमा चारवटा उपशीर्षक राखिएका छन्। ती हुन् - (१) नेपाली ऋतु काव्यको परिचय र लेखन परम्परा (२) प्रकृति सङ्कट र नेपाली परिवेश काव्य (३) नेपाली परिवेश काव्य (४) निष्कर्ष। यस अध्यायमा नेपाली साहित्यमा ऋतु काव्यहरूको लेखन र परम्पराबारे अध्ययन गरिएको छ जसअन्तर्गत ऋतु विषयका कविताहरू र प्रकृति चिन्तनका कविताहरूलाई प्राथमिकता दिइएको छ। त्यसका साथै ऋतु कविता र प्रकृति चिन्तनका कविताहरूको भेद गर्दै परिवेश काव्यलाई परिभाषित गर्ने कार्य पनि यस अध्यायमा भएको छ। नेपाली साहित्यमा ऋतु विषयका कविताहरू लेखिएका छन् जसमा ऋतुहरूको वर्णन र प्रकृतिको सौन्दर्यबारे चर्चा गरिएको पाइन्छ तर ऋतुहरू शीर्षक नदिई पनि प्रकृति चिन्तनका कविताहरू लेखिएका र तिनमा प्रकृति, पारिस्थितिकी र प्रदूषणबारे सचेतता व्यक्त रहेको कुराको निर्क्यौल गरी अध्ययन गरिएको छ। सवाई र लहरी काव्यमा ऋतु र प्रकृतिबारे के-कस्ता विचारहरू अभिव्यक्त भएका छन् त्यसबारे पनि यस अध्यायमा अध्ययन गरिएको छ। परिवेश विज्ञानका मान्यताहरूका आधारमा नेपाली साहित्यमा प्रकृति चिन्तनका कविताहरू के-कति लेखिएका छन् र ती कविताहरूलाई परिवेश कविता भन्न सकिन्छ वा सकिँदैन भन्नेबारे पनि यस अध्यायमा विचार विमर्श गरिएको छ।

शोध कार्यको तेस्रो अध्यायको शीर्षक 'परिवेश विमर्शका दृष्टिले 'ऋतुविचार' खण्डकाव्यको अध्ययन' राखिएको छ। यस अध्यायमा जम्मा सातवटा उपशीर्षकहरू छन्। ती हुन् १) लेखनाथ पौड्यालको सङ्क्षिप्त परिचय, (२) 'ऋतुविचार' खण्डकाव्य, (३) 'ऋतुविचार' खण्डकाव्यमा परिवेश दर्शन, (४) 'ऋतुविचार' खण्डकाव्य र परिवेश-धर्मशास्त्र, (५) 'ऋतुविचार' खण्डकाव्यमा हरित आध्यात्मिकता, (६) परिवेश काव्यका रूपमा 'ऋतुविचार' खण्डकाव्य (७) निष्कर्ष।

यसअन्तर्गत 'ऋतुविचार' खण्डकाव्यमा रहेका प्रकृति चिन्तन र ऋतुहरूप्रति कविको के कस्तो दृष्टिकोण रहेको छ भन्नेबारे अध्ययन गरिएको छ। 'ऋतुविचार' खण्डकाव्य आध्यात्मिक विचारधाराको प्रभावबाट लेखिएको काव्य भएको हुनाले यसलाई प्रकृतिको आध्यात्मिक स्वरूपका आधारमा अध्ययन गरिएको छ। परिवेश विमर्शको मान्यतामा परिवेश धर्मशास्त्र, हरित आध्यात्मिकता आदि पर्छन्। परिवेश विमर्शले यी मान्यता वा सिद्धान्तहरू आधुनिक दर्शनशास्त्रबाट ग्रहण गरेको हो। तसर्थ, यी मान्यताहरूका

आधारमा 'ऋतुविचार' खण्डकाव्यको अध्ययन गरिएको छ। प्रकृतिप्रतिको लेखनाथ पौड्यालको दृष्टिकोण आध्यात्मिक छ साथै उनले मानिसको चेतनामा हरित आध्यात्मिकताको विकास हुनु आवश्यक छ र त्यसैले मात्र प्रकृतिलाई हेर्ने मानिसको दृष्टिकोण परिवर्तन हुन सक्छ भन्ने विचार प्रकट गरेको कुरा यस अध्यायमा गरिएको छ। प्रकृतिलाई हेर्ने लेखनाथ पौड्यालको दृष्टिकोण अथवा प्रकृतिप्रति उनका विचारहरूको अध्ययन 'ऋतुविचार'-का माध्यमले गरिएको छ भने यस काव्यलाई परिवेश विमर्शका मान्यताहरूका आधारमा खडा गरेर परिवेश काव्यका रूपमा परिचित गराउने काम यस अध्यायमा भएको छ।

'परिवेश विमर्शका दृष्टिले 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहको अध्ययन' यस शोध कार्यको चौथो अध्याय हो। यस अध्यायमा सातवटा उपशीर्षकहरू राखिएका छन्। ती हुन् (१) मोहन कोइरालाको सङ्क्षिप्त परिचय, (२) 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह, (३) 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह र पारिस्थितिकी, (४) 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह र गहन पारिस्थितिकी, (५) गाया अनुकल्पना, (६) परिवेश काव्यका रूपमा 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रह, (७) निष्कर्ष। यसमा मोहन कोइरालाको सङ्क्षिप्त परिचय दिँदै उनका अन्य प्रकृतिपरक कविताहरूको चर्चा गरिएको छ। त्यसका साथै 'ऋतु-निमन्त्रण'-मा रहेको उनको प्रकृतिपरक दृष्टिकोणको अध्ययन पनि गरिएको छ। मोहन कोइरालाले आफ्ना कविताहरूमा प्रकृतिलाई गम्भीर चिन्तनका साथ प्रस्तुत गरेका छन्। 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहमा छवटा ऋतुहरूका माध्यमले उनले प्रकृतिको सजीव रूप देखाउन चाहेका छन्। यस अध्यायमा 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहलाई पारिस्थितिकी विज्ञानको सन्दर्भ लिएर चर्चा गरिएको छ। सतही पारिस्थितिकी र गहन पारिस्थितिकीको चर्चा गर्दै 'ऋतु-निमन्त्रण' कविता सङ्ग्रहमा रहेका कविताहरूमा गहन पारिस्थितिकीको सङ्केत रहेको कुराको निक्यौंल गर्ने काम यस अध्यायमा भएको छ। त्यसका साथै यहाँ गाया अनुकल्पनाका मान्यताको आधार गरेर पनि यो कविता सङ्ग्रहको अध्ययन गरिएको छ। मोहन कोइरालाले यस काव्यमा ऋतुहरूको अध्ययन आध्यात्मिक विचारधारा र वैज्ञानिक दृष्टिकोणका आधारमा गरेका छन्। त्यसका साथै यस कविता सङ्ग्रहमा परिवेश विमर्शका मान्यताहरूको सङ्केत पनि पाइने हुनाले त्यसका आधारमा 'ऋतु-निमन्त्रण'-लाई परिवेश काव्यको रूपमा प्रस्तुत गरिने काम यस अध्यायमा भएको छ।

यस शोध कार्यको पाँचौँ अध्यायको शीर्षक 'परिवेश विमर्शका दृष्टिले 'ऋतु क्यान्भसमा रेखाहरू'-

को अध्ययन' रहेको छ। यस अध्यायमा जम्मा सातवटा उपशीर्षकहरू छन्। ती हुन्- (१) मनप्रसाद सुब्बाको सङ्क्षिप्त परिचय (२) 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रह (३) 'ऋतु-क्यान्भसमा रेखाहरू' र प्रकृति लेखन (४) ऋतु क्यान्भसमा रेखाहरू र सांस्कृतिक पारिस्थितिकी (५) 'ऋतु-क्यान्भसमा रेखाहरू' र पर्यावरण नारीवाद, (६) परिवेश काव्यका रूपमा 'ऋतु-क्यान्भसमा रेखाहरू', (७) निष्कर्ष। यस अध्यायमा पहिले मनप्रसाद सुब्बाको सङ्क्षिप्त परिचय राख्दै उनका अन्य प्रकृतिपरक कविताहरूको चर्चा गरिएको छ। यस कविता सङ्ग्रहमा मुख्यतः दुईवटा विषयमाथि ध्यान दिइएको छ। पहिलो सांस्कृतिक पारिस्थितिकी र दोस्रो पर्यावरण नारीवाद। 'ऋतु क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रमा मनप्रसाद सुब्बाको ऋतुसम्बन्धी दृष्टिकोणको चर्चा गर्दा मूलतः उनको ऋतु-लेखन सांस्कृतिक पारिस्थितिकीमा केन्द्रित रहेको देखिन्छ। तसर्थ यस अध्यायमा सांस्कृतिक पारिस्थितिकीका मान्यताहरूका आधारमा यस कविता सङ्ग्रहको अध्ययन गरिएको छ। त्यसका साथै प्रकृति अनि नारीबिचको सम्बन्ध उनका कविताहरूमा व्यक्त भएको यस अध्यायमा पाइएको हुनाले पर्यावरण नारीवादका दृष्टिकोणले यस सङ्ग्रहको अध्ययन गरिएको छ। यी सबै मान्यताहरू परिवेश विमर्शभित्र पर्ने हुनाले अन्तमा यस कविता सङ्ग्रहलाई परिवेश काव्यका रूपमा अध्ययन गर्ने काम यस अध्यायमा भएको छ।

यस शोध कार्यको अन्तिम वा छैटौँ अध्याय 'उपसंहार एवम् निष्कर्ष' रहेको छ। यसमा उपसंहार र निष्कर्ष गरी दुईवटा उपशीर्षक बनाइएको छ। उपसंहारअन्तर्गत यो शोध कार्य गर्दा कुन विषयहरूलाई ध्यान दिइएको छ र ती विषयहरूलाई कति न्याय दिन सकिएको छ भन्नेबारे चर्चा गरिएको छ। निष्कर्ष उपशीर्षकअन्तर्गत यो शोध कार्य गर्दा पाइएका उपलब्धि र प्राप्तिहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ। त्यसका साथै यस शोध कार्यका लागि चयन गरिएका कविता सङ्ग्रहहरू किन परिवेश काव्य हुन् भन्ने तर्क दृष्टान्तसहित यस अध्यायमा प्रस्तुत गरिएको छ।